# वनको सेवा

■ बासु काफ्ले

वन हो सुखको स्रोत रोग भोक विनाशक
दाता यो वृक्ष छाहारी जीवको सुखदायक ॥१॥
सङ्कष्ट सब फालेर ऊर्जा आधार बन्दछ
पकाई खाद्य आहार गृह निर्माण गर्दछ ॥२॥
भूमि उर्वर पारेर उब्जनी यो बढाउँछ
चौपायादि चराएर हृष्ट पुष्ट बनाउँछ ॥३॥
साना घरेलु उद्योग यसका आडमा गरुन्
दीनहीन कृपा यस्कै पाई आनन्दमा परुन् ॥४॥
समुदाय मिली राम्रो सुरक्षा वनको गरे
घरहीनहरु आफ्नै स्वामी भै घरमा सरे ॥५॥
शिक्षाहीनहरु आफ्नै विद्यालय गई पढुन्
उद्योगहीनले आफ्नै साना उद्योगमा बढुन् ॥६॥
सुख्खा क्षेत्र सधैं यस्ले सदावहार पार्दछ
सुकेका जलका मूल फुटाएर बहाउँछ ॥७॥
मृगभावक उफ्रेका हेर्दै क्वैली कराउँछन्
बसन्ती फुलका शोभा धेरै मन रमाउँछन् ॥८॥
वृक्षशाखाभरि गुँड पन्छीका बचरा बढुन्
वातावरणले स्वच्छ खुल्ला आकाशमा उडुन् ॥९॥
नाङ्गा चउर वा पाखा वृक्षादिले सिंगार्दछ
ग्रीष्मका ताप-सन्ताप मनबाटै हराउँछ ॥१०॥
मिलेर सबले पालौ सामुदायिक यो वन
हरियो वन हो भन्छन् नेपाली जनको धन ॥११॥
पैदावार वनै व्यर्थ आफैले नै नमासियोस्
निकासी काठ चोरेर गर्नेलाई समातियोस् ॥१२॥
गाउँ समाज राष्ट्रैमा नमुना भै उदाइयोस्
पर्यावरणको रक्षा विश्वमाझ बढाइयोस् ॥१३॥
वन निर्भरिले सामुदायिक वन भोगियोस्
गरिँदा वनको सेवा मेवा पाइन्छ जानियोस् ॥१४॥

(बासु काफ्ले शिक्षक हुनुहुन्छ ।)